**जिल्ला स्थित सरकारी कार्यालयहरुका प्रमुख/प्रतिनिधी प्रमुख प्रशासकीय अधिकृत/प्रतिनिधी सहित मिति २०७७।११।५ मा सम्पन्न बैठकबाट भएका निर्णयहरुः**

**निर्णय नं. १**

श्री गृह मन्त्रालय, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखाको च.नं. ४५५ मिति २०७७।१०।२३ गतेको "राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने" विषयको पत्र आजको यस बैठक मार्फत सहभागी सबैमा जानकारी गराउँदै सोको कार्यान्वयन सम्बन्धमा देहाय बमोजिम गर्ने गराउनेः

क) सबै सरकारी कार्यालय र स्थानीय तहको कार्यालयले आ-आफ्नो कार्यालय परिसर र आसपासका क्षेत्रमा प्रजातन्त्र दिवसका दिन विशेष रुपमा सरसफाइ सम्बन्धी कार्य गर्ने गराउने । साथै सार्वजनिक स्थलहरुको सरसफाईमा स्थानीय तहहरुले बिषेश ध्यान दिदै त्यस्ता स्थानहरुमा राष्ट्रिय झण्डा फहराउन आवश्यक व्यवस्था मिलाउने ।

ख) माथि उल्लेखित सम्पूर्ण कार्यालयहरुले आ-आफ्नो कार्यालयहरुमा राष्ट्रिय झण्डा फहराउनुका साथै मिति २०७७।११।०६, ७ र ८ गते साँझ दिपावली मनाउन आवश्यक व्यवस्था मिलाउने ।

ग) शिक्षा विकास तथा समन्वय इकाईले जिल्ला स्थित सम्पूर्ण शैक्षिक प्रतिष्ठानहरुमा समेत बुँदा नं. "क" र "ख" मा उल्लेखित व्यहोरा कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउने ।

घ) आ- आफ्नो स्थानिय तह क्षेत्रका सम्पूर्ण बासिन्दाहरुलाई समेत उल्लेखित मिति हरुमा साँझ दिपावली मनाउन सम्पूर्ण पालिकाहरुले आह्वान गर्ने ।

ङ) सम्बद्ध निकायहरुसँगको समन्वयमा पत्रमा उल्लेख भए बमोजिमका अन्य क्रियाकलापहरु संचालनका लागि पालिकाहरुले आवश्यक व्यवस्था मिलाउने ।

**निर्णय नं. २**

सम्पूर्ण सार्वजनिक निकायका कर्मचारीहरुलाई COVID-19 विरुद्धको खोप मिति २०७७।११।०२ बाट दिइने नेपाल सरकारको निर्णय अनुरुप यस जिल्लामा समेत COVID-19 विरुद्धको खोप दिने कार्य संचालन भएकोले आफू लगायत सम्पूर्ण कार्मचारीहरुले खोप लिने/ पाउने व्यवस्था कार्यालय प्रमुखले सुनिश्चित गरी उक्त खोप अभियानलाई सफल बनाउन आ-आफ्नो कार्यालयका तर्फबाट योगदान गर्ने ।

**निर्णय नं. ३**

मिति २०७७।१०।०६ मा सम्पन्न कार्यालय प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृतको बैठकबाट भएको निर्णय विपरीत हाल सम्म पनि कर्मचारी विवरण नपठाएका कार्यालयहरुले अविलम्ब सो बिवरण जिल्ला निर्वाचन कार्यालयलाई पठाई सो को जानकारी जिल्ला प्रशासन कार्यालयलाई गराउने ।

**निर्णय नं. ४**

मिति २०७७।१०।०६ को माथि उल्लेखित बैठकबाट भएको सवारी साधन मर्मत सम्बन्धी निर्णय समेत हाल सम्म कार्यान्वयन भएको नपाइएकोले यथाशिघ्र सो निर्णय कार्यान्वयन गर्ने/ गराउने ।

निर्णय प्रमाणित

०७७/११/५

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय